नेपाल सरकार

# अर्थ मन्त्रालय

पत्र संख्या:-
च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ती

आज मिति २०८०/२/२२ मा अनलाइन खबरमा करका दर परिवर्तनमा अनधिकृत व्यक्तिको संलग्नता सम्वन्धी समाचार प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। आर्थिक वर्ष २०८०/८१ को आर्थिक विधेयक तर्जुमामा कुनै पनि अनधिकृत व्यक्तिको संलग्नता रहेको छैन। बजेट तर्जुमा दिग्दर्शनले तोकेका पदाधिकारीको उपस्थितिमा मात्र छलफल गरी आर्थिक विधेयकलाई अख्तियार प्राप्त पदाधिकारीले अन्तिम रुप दिए पश्चात कम्प्यूटर टाइप, हार्मोनाइज्ड कोड मिलान तथा आर्थिक विधेयकको शुद्धासुद्धि परिक्षण गर्न आवश्यक कर्मचारी संलग्न गराई जिम्मेवारीपूर्वक तोकिएका कार्य गर्ने गराउने गरिएको हो। यो स्थापित अभ्यास हो।

समाचारमा नाम उल्लेख गरिएका रामकृष्ण श्रेष्ठ निजामती सेवामा लामो समय भन्सार विभागमा रहि आर्थिक विधेयकको मस्यौदा टाइप गर्ने काम गरिरहेका सेवा निबृत्त कर्मचारी हुन्। निजको कामको अनुभव र दक्षताका कारण निज श्रेष्ठलाई सेवा निवृत्त पछि पनि आर्थिक विधेयकको मस्यौदा टाइप गर्ने काममा लगाइदै आइएको छ। चालु आर्थिक वर्षमा पनि निजलाई सूचना प्रविधि सहायक कर्मचारीको रुपमा करारमा नियुक्त गरिएको र विगतका वर्षहरुमा जस्तै आर्थिक विधयेक २०८०/८१ को मस्यौदा टाइप गर्ने कार्यमा संलग्न गराइएको व्यहोरा जानकारी गराइन्छ।

080/02/22

धनिराम शर्मा
सहसचिव एवम् प्रवक्ता
अर्थ मन्त्रालय
२०८० जेठ २२

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np